नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

मिति: १४ पौष, २०७९

## चालु आर्थिक वर्ष २०७९।८० को धान उत्पादन अनुमान सम्वन्धी प्रेस विज्ञप्ती

सातवटै प्रदेशका कृषि क्षेत्र हेर्ने मन्त्रालयहरुवाट प्राप्त जिल्लास्तरीय धानको क्षेत्रफल तथा उत्पादन अनुमानका आधारमा कृषि तथ्यांक प्राविधिक समितिको सिफारिसमा मन्त्रालयको सचिवस्तरको मिति २०७९ पौष १४ गतेको निर्णय अनुसार गत आर्थिक वर्षमा रोपाइ भए चालु आर्थिक वर्षमा उत्पादन भएको समग्र नेपालको, प्रदेशगत र जिल्लागत चैते धान (Spring Rice) र वर्षे सिजनको धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विवरण सार्वजनिक गरिएको व्यहोरा सवैमा जानकारीका लागि अनुरोध छ ।

आज सार्वजनिक भएको तथ्यांकका आधारमा चालु आ.व. २०७९।८० को समग्र मुलुकको चैते र वर्षे सिजनको धान गरी कुल धान लगाइएको क्षेत्रफल (Cropped area) १४ लाख ४७ हजार ७ सय ८९ हेक्टर र समग्र राष्ट्रिय उत्पादन ५४ लाख ८६ हजार ४ सय ७२ मे.टन र उत्पादकत्व ३.७९ मे.टन प्रति हेक्टर रहेको प्रारम्भिक अनुमान गरिएको छ । यस अनुसार गत आर्थिक वर्ष २०७८।७९ को तुलनामा यस आर्थिक वर्षमा धानको समग्र क्षेत्रफलमा २ प्रतिशतले कमी आएको देखिन्छ, त्यस्तै समग्र उत्पादनमा ६.९४ प्रतिशतले र समग्र उत्पादकत्वमा ९.१२ प्रतिशतले वृध्दि भएको देखिन्छ ।

तालिका १ धान उत्पादनको विगत वर्षहरुको अवस्था र चालु वर्षको क्षेत्रफल र उत्पादनको तुलनात्मक विवरण

| आ.ब. | क्षेत्रफल(हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे. टन/हे.) | वार्षिक उत्पादन वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|---|
| २०७३/७४ | १५५२४६९ | ५२३०३२७ | ३.३७ | |
| २०७४/७५ | १४६९५४५ | ५१५१९२५ | ३.५१ | (-)१.५० |
| २०७५/७६ | १४९१७४४ | ५६१००११ | ३.७६ | ८.८९ |
| २०७६/७७ | १४५८९१५ | ५५५०८७८ | ३.८० | (-)१.०५ |
| २०७७/७८ | १४७३४७४ | ५६२१७१० | ३.८२ | १.२८ |
| २०७८/७९ | १४७७३७८ | ५१३०६२५ | ३.४७ | (-)८.७४ |
| २०७९/८० | १४४७७८९ | ५४८६४७२ | ३.७९ | ६.९४ |

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

१.१ विभिन्न वर्षहरु र यस वर्षको तुलनात्मक उत्पादन क्षेत्रफल र उत्पादकत्वको विवरण

**Production (Mt.)उत्पादन (मे.टन)**

| आर्थिक वर्ष | | | | | विगतका वर्षहरुको तुलनामा यस आर्थिक वर्षको फरक | | | |
|---|---|---|---|---|---|---|---|---|
| 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 |
| 5,610,011 | 5,550,878 | 5,621,710 | 5,130,625 | 5,486,472 | -2.20 | -1.16 | -2.41 | 6.94 |

**Area(Ha)** क्षेत्रफल हे.

| आर्थिक वर्ष | | | | | विगतका वर्षहरुको तुलनामा यस आर्थिक वर्षको फरक | | | |
|---|---|---|---|---|---|---|---|---|
| 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 |
| 1,491,744 | 1,458,915 | 1,473,474 | 1,477,378 | 1,447,789 | -2.95 | -0.76 | -1.74 | -2.00 |

**Yield (Mt./Ha.)**
उत्पादकत्व मे.टन/ हे.

| Fiscal year | | | | | Percentage change in 2079/80 compared to | | | |
|---|---|---|---|---|---|---|---|---|
| 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 |
| 3.76 | 3.80 | 3.82 | 3.47 | 3.79 | 0.79 | -0.27 | -0.80 | 9.12 |

प्रारम्भिक अनुमान अनुसार प्रदेशगत रुपमा गत आर्थिक वर्षको तुलनामा सवैभन्दा वढी सुदूरपश्चिम प्रदेशमा करिव ३३.३३ प्रतिशतले धान उत्पादन वृध्दि भएको देखिन्छ । गत वर्ष वेमौसमी वर्षाका कारण सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा उल्लेख्य क्षति भइ उत्पादन उल्लेख्य कमी आएको थियो र यस वर्ष सामान्यीकरण हुँदा उल्लेख्य वृध्दि देखिएको हो । सुदूरपश्चिम प्रदेशका अलावा गत वर्षको तुलनामा लुम्विनी प्रदेशमा १५.२ प्रतिशत, प्रदेश १ मा ५.७२ प्रतिशत र कर्णालीमा ३.४६ प्रतिशत र मधेश प्रदेशमा ०.१८ प्रतिशत उत्पादन वृध्दि भएको देखिन्छ भने वागमती र गण्डकी प्रदेशमा गत वर्षको तुलनामा क्रमश: १.४५ र ३.७४ प्रतिशत उत्पादन कमी भएको देखिन्छ।

प्रारम्भिक अनुमान अनुसार प्रदेशगत रुपमा यस आर्थिक वर्षको समग्र धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्व तलको तालिकामा दिइएको छ

प्रकाशकुमार सञ्जेल
सह-सचिव



CamScanner

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पत्र संख्या :

च.नं. :

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

फ्याक्स : ४२११९३५

सिंहदरवार, काठमाण्डौं
नेपाल


तालिका २.समग्र धान (चैते + बर्षे) को क्षेत्रफल, उत्पादन र उत्पादकत्वको प्रदेशगत विवरण

| Province | Area (Ha.) क्षेत्रफल हे. | | | Production (Mt.) उत्पादन मे.टन | | | Yield (Mt/Ha.) उत्पादकत्व मे.टन/हे | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 2078/79 | 2079/80 | Percentage change | 2078/79 | 2079/80 | Percentage change | 2078/79 | 2079/80 | Percentage change |
| Province 1 | 333,185 | 332,617 | -0.17 | 1,263,714 | 1,336,057 | 5.72 | 3.79 | 4.02 | 5.91 |
| Madhesh | 381,418 | 375,340 | -1.59 | 1,386,328 | 1,388,841 | 0.18 | 3.63 | 3.70 | 1.80 |
| Bagmati | 134,743 | 130,314 | -3.29 | 507,789 | 500,446 | -1.45 | 3.77 | 3.84 | 1.90 |
| Gandaki | 112,227 | 106,380 | -5.21 | 406,336 | 391,121 | -3.74 | 3.62 | 3.68 | 1.55 |
| Lumbini | 304,107 | 301,991 | -0.70 | 999,399 | 1,151,313 | 15.20 | 3.29 | 3.81 | 16.01 |
| Karnali | 38,912 | 38,627 | -0.73 | 125,146 | 129,473 | 3.46 | 3.22 | 3.35 | 4.22 |
| Sudurpaschim | 172,786 | 162,520 | -5.94 | 441,913 | 589,221 | 33.33 | 2.56 | 3.63 | 41.76 |
| **NEPAL:** | **1,477,378** | **1,447,789** | **-2.00** | **5,130,625** | **5,486,472** | **6.94** | **3.47** | **3.79** | **9.12** |

चैते धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको प्रदेशगत विवरण

| Province | Area (Ha.) क्षेत्रफल हे. | | | Production (Mt.) उत्पादन मे.टन | | | Yield (Mt/Ha.) उत्पादकत्व मे.टन/हे | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | FY 2078/79 | FY 2079/80 | Percentage change | FY 2078/79 | FY 2079/80 | Percentage change | FY 2078/79 | FY 2079/80 | Percentage change |
| Province 1 | 58,052 | 58,109 | 0.10 | 282,819 | 300,226 | 6.15 | 4.87 | 5.17 | 6.05 |
| Madhesh | 27,515 | 21,899 | -20.41 | 125,264 | 107,534 | -14.15 | 4.55 | 4.91 | 7.86 |
| Bagmati | 21,660 | 18,123 | -16.33 | 94,676 | 82,311 | -13.06 | 4.37 | 4.54 | 3.91 |
| Gandaki | 7,605 | 5,870 | -22.81 | 32,773 | 27,437 | -16.28 | 4.31 | 4.67 | 8.46 |
| Lumbini | 3,715 | 3,220 | -13.31 | 18,234 | 15,912 | -12.74 | 4.91 | 4.94 | 0.66 |
| Karnali | 185 | 191 | 3.24 | 826.51 | 856 | 3.57 | 4.47 | 4.48 | 0.31 |
| Sudurpaschim | 1310 | 1195 | -8.78 | 6,605 | 6,056 | -8.31 | 5.04 | 5.07 | 0.51 |
| **NEPAL:** | **120,042** | **108,607** | **-9.53** | **561,197** | **540,331** | **-3.72** | **4.68** | **4.98** | **6.42** |



CamScanner

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पत्र संख्या :
च.नं. :

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

## वर्षे धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको प्रदेशगत विवरण

| Province | Area (Ha.) | | | Production (Mt.) | | | Yield (Mt/Ha.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | FY 2078/79 | FY 2079/80 | Percentage change | FY 2078/79 | FY 2079/80 | Percentage change | FY 2078/79 | FY 2079/80 | Percentage change |
| Province 1 | 275,133 | 274,508 | -0.23 | 980,895 | 1,035,831 | 5.60 | 3.57 | 3.77 | 5.84 |
| Madhesh | 353,903 | 353,441 | -0.13 | 1,261,064 | 1,281,308 | 1.61 | 3.56 | 3.63 | 1.74 |
| Bagmati | 113,083 | 112,191 | -0.79 | 413,113 | 418,135 | 1.22 | 3.65 | 3.73 | 2.02 |
| Gandaki | 104,622 | 100,510 | -3.93 | 373,563 | 363,684 | -2.64 | 3.57 | 3.62 | 1.34 |
| Lumbini | 300,392 | 298,771 | -0.54 | 981,165 | 1,135,401 | 15.72 | 3.27 | 3.80 | 16.35 |
| Karnali | 38,727 | 38,436 | -0.75 | 124,320 | 128,617 | 3.46 | 3.21 | 3.35 | 4.24 |
| Sudurpaschim | 171,476 | 161,325 | -5.92 | 435,308 | 583,165 | 33.97 | 2.54 | 3.61 | 42.40 |
| **NEPAL :** | **1,357,336** | **1,339,182** | -1.34 | **4,569,427** | **4,946,141** | 8.24 | 3.37 | 3.69 | 9.71 |

धानको कुल ग्राहस्थ उत्पादन (GDP) र कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादन (AGDP) मा योगदान

- AGDP मा १३ प्रतिशत
- GDP मा करिव ४ प्रतिशत

गत वर्षको तुलामा धान उत्पादन वृद्धिका कारण

गत वर्ष असोज ३० देखि कार्तिक २ सम्मको बेमौसमी वर्षका कारण विशेषगरि लुम्विनी र सुदुरपश्चिम प्रदेशका १ लाख भन्दा बढी हेक्टरमा लगाइएको धानवालीमा क्षति हुँदा करिव ८.७४ प्रतिशत उत्पादनमा कमी आएको थियो ।तर यसवर्ष मौसम औपत रहेको, केही ढिलो गरि भएपनि विशेषगरि तराइका जिल्लामा रासायनिक मलको उपलव्धता रहेको, उन्नत वीउको प्रयोग एवं हाइव्रिड जातको प्रयोगमा भएको वृध्दि र स्थानीय तहसम्म कृषि प्राविधिको पहुँचमा केही वृध्दि भएको कारण धान उत्पादनमा सामान्य वृध्दि भएको हो । यद्दपि यो उत्पादन गत वर्ष वाहेका विगतका अन्य वर्षहरुको तुलनामा केही प्रतिशत कम नै हो (हेर्नुहोस तालिका १.१)।

प्रकाशकुमार सञ्जेल
सह-सचिव



CamScanner

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५

पत्र संख्या :
च.नं. :

सिंहदरबार, काठमाण्डौं
नेपाल

## धान/चामल/कनिका आयातको विभिन्न वर्ष र चालु आ.व. को ५ महिना (मंसरसम्म)को आयातको अवस्था

विगतका केही वर्षहरुको धान/चामल कनिकाको आयातको अवस्था र यस आर्थिक वर्षको ५ महिनासम्मको अवस्था तलको तालिकामा दिइएको छ ।

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | फरक % | आ.व.२०७८/७९को मंसिर सम्म | आ.व.२०७९/८० को मंसिर सम्म | फरक % |
|---|---|---|---|---|---|---|
| आयात परिमाण मे.टन | १३ लाख ३४ हजार | ११ लाख ३० हजार | १५.२९ | ५ लाख ६ हजार | २ लाख ८२ हजार | ४४.२ |
| आयात रकम रु. | ५० अर्व ७८ करोड | ४७ अर्व ५७ करोड | ६.३ | २० अर्व ४९ करोड | १२ अर्व ६५ करोड | ३८.२ |

भन्सार विभागको तथ्यांक अनुसार आ.व. २०७८/७९ वाट धान/चामल/कनिकाको आयात घट्दो क्रममा रहेको देखिन्छ । आ.व. २०७७/७८ को तुलनामा आ.व. २०७८/७९ मा धान/चामल/कनिकाको आयात करिव ४ अर्व अर्थात ६.३ प्रतिशत कमी भएको थियो भने आ.व. २०७८/७९ को ५ महिना अर्थात मंसिरसम्म को तुलनामा ३८.२ प्रतिशतले कमी आएको देखिन्छ । आयात भएको धान/चामलमध्ये बासमतीको हिस्सा उल्लेख्य (करिव रु. २ अर्वको) रहेको छ ।

**नेपालमा चामलको आवश्यकता र उपलव्धताको अवस्था**

खाद्यान्न (चामल, मकै, गहुँ, कोदो, फापर लगायत) को आवश्यकताका हिसावले प्रतिव्यक्ति प्रति वर्ष करिव १८१ के.जी र यस हिसावले चामलको उपभोग करिव १२१ के.जी प्रति व्यक्ति प्रति वर्ष हुने देखिन्छ । तर नेपालमा औषत प्रति व्यक्ति प्रति वर्ष करिव १३७ के.जी उपभोग भइरहेको छ । यस हिसावले चामलको आवश्कता करिव ४० लाख मे.टन चामल रहने देखिन्छ । उत्पादनका हिसावले करिव ५५ लाख धानमा ६४ प्रतिशत Milling percentage मान्दा ३५ लाख २० हजार मे.टन चामल उपलव्ध हुने देखिन्छ । यस हिसावले नेपालमा करिव ४ लाख ८० हजार मे.टन चामल कमी भएको देखिन्छ ।

**धानमा आत्मनिर्भरता हासिल गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सञ्चालन गरेका कार्यक्रमहरु**

स्थानीय तह र प्रदेशको समन्वयमा मन्त्रालयले कृषिमा आत्मनिर्भरता अभियान अन्तरगत धान उत्पादन प्रवर्द्नका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । विशेषगरि देहायका कार्यक्रम/व्यवस्था

- मसिना तथा वासनादार धान प्रवर्द्धन कार्यक्रम
- धानको जातीय विकासका लागि अनुसन्धान कार्यक्र (हालसम्म हर्दिनाथ सिरिजका विभिन्न स्वदेशी हाइब्रिड जातको विकास भएको)
- चैते धान प्रवर्द्धन कार्यक्रम
- धानको न्यूनतम समर्थन मूल्य तोकी तोकिएको न्यूनतम समर्थन मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत खरिद व्यवस्था ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनावाट सहकारीहरुमार्फत तोकिएको न्यूनतम समर्थन मूल्यमा धान खरिदको व्यवस्था गरिएको । यस बापत सहकारीहरुलाइ प्रति क्वीण्टल रु. ११२/- व्यवस्थापन खर्च उपलव्ध गराइने कार्यविधिमा व्यवस्था रहेको । हालसम्म सूचीकृत सहकारीहरुवाट करिव ९० हजार मे.ट धान खरिदका लागि आशय प्राप्त भएको जानकारी प्राप्त भएको छ ।

२०७९/०९/१५

(प्रकाशकुमार सन्जेल)
सह-सचिव/प्रवक्ता



CamScanner